**प्रशासन** असार २०७९, वर्ष ५३, अङ्क १, पूर्णाङ्क १३५, ९९-११४
© २०७९ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
https://doi.org/10.3126/prashasan.v53i1.46319
www.mofaga.gov.np/prashasanjournal
ISSN: 2565-5043 Print / ISSN:2822-1974 Online

# विकास व्यवस्थापनमा सुशासन र सकारात्मक सोच

**विश्वरमण न्यौपाने***

**मिनराज ज्ञवाली****

## लेखसार

समाजको विद्यमान स्थितिलाई उन्नत अवस्थामा पुऱ्याई समुदाय र व्यक्तिहरूको चाहना तथा आवश्यकता अनुरूप सक्रिय, स्वतन्त्र र अर्थपूर्ण सहभागिताबाट निरन्तर रूपमा जीविकोपार्जनमा सुधार गर्न विकासले प्रेरित गर्दछ । सहभागितामूलक पद्धतिले ल्याएका उपलब्धिहरूको न्यायोचित वितरण प्रकियालाई सुनिश्चित गर्दै जनताको जीवनस्तरमा, दिगो र गुणात्मक सुधार ल्याई सकारात्मक परिवर्तन गर्न मद्दत गर्दछ । देश, राजनीतिक अवस्था, समय, स्थान, परिस्थिति र आवश्यकताअनुसार विकासको गति र कार्यान्वयन शैलीमा फरकपन भए तापनि यसको प्रभावकारी कार्यान्वयनका लागि आन्तरिक र बाह्य स्रोत परिचालन र अपेक्षित परिणाममा एकरूपता हुने गर्दछ । विश्वमा योजनाबद्ध विकासको सुरुवात १९२८ मा तत्कालिन सोभियत सङ्घबाट भएको हो भने नेपालमा राणाकालमै भएको पाइन्छ । नेपालको विकास अर्थतन्त्रमा वैदेशिक सहायता र गैरसरकारी निकायको योगदान महत्त्वपूर्ण रहिआएको छ । विकासका लागि अपनाइएका प्रणालीहरू जनकेन्द्रित, पारदर्शी, समावेशी र जनमुखी भई जनताले सुख, समृद्धि र भलाइ महसुस गर्ने वातावरणले सुशासनको अवस्थालाई प्रतिविम्बित गर्दछ । सुशासन कायम गर्न सचेत नागरिक र नागरिक समाज सरकारी तथा गैरसरकारी संयन्त्रहरूको समन्वय र सहकार्य अपरिहार्य छ । यस्तो कार्यगत समन्वय र राष्ट्रिय एकता कायम गर्न सकारात्मक सोच एक महत्त्वपूर्ण पक्ष हो । यस लेखमा यिनै समसामयिक वस्तुस्थितिको विश्लेषण, सिकाइ, अनुभव र चुनौती सहित सुझावहरू प्रस्तुत गरिएको छ ।

***शब्दकुञ्जी***: *विकास, विकास कार्यक्रम, सुशासन, सकारात्मक सोच, जवाफदेहिता, गैरसरकारी क्षेत्र*

---

* *निर्देशक, Multi-sector Governance, Suaahara II Program*

*इमेलः bneupane@hki.org*

** *निर्देशक, Health Services, Suaahara II Program*
*min.gyawali@care.org*

## १. विकास

समग्र रूपमा विकास एक त्यस्तो सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक प्रक्रिया हो जसले वर्तमान पुस्ताको आवश्यकता र आकाङ्क्षा परिपूर्ति गर्नुका साथै भावी पुस्ताको आवश्यकता र अधिकारलाई समेत सुनिश्चित गरी समाजको यथास्थितिलाई उन्नत अवस्थामा पुऱ्याउँदछ । विकास प्रक्रियाले समुदाय र व्यक्तिहरूको चाहना अनुरूप सक्रिय, स्वतन्त्र र अर्थपूर्ण सहभागिताबाट निरन्तर रूपमा जीविकोपार्जनमा सुधार गर्न प्रेरित गर्दछ । यसरी प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण प्रक्रियालाई सुनिश्चित गर्दै नागरिकहरूको जीवनस्तरमा, दिगो र गुणात्मक सुधार ल्याई सकारात्मक परिवर्तन गर्न मद्दत गर्दछ । विकासले सामाजिक रूपान्तरण र मानव पुँजी निर्माणको यात्रालाई समेत निरन्तरता प्रदान गर्दछ । विकासको यो अवस्थामा समृद्धि, सुख, आनन्द, वैमनस्यता र पक्षपातरहित पद्धतिको स्थापना र सञ्चालन (Adhikari D. , 2004 (2061)) भएको हुन्छ ।

विकास सुरुमा पूर्वाधारको संरचना निर्माणसँग मात्र सम्बन्धित रहेकोमा क्रमश: मानवका लागि आवश्यक गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य परिपूर्ति हुँदै अहिले विकास स्रोतको बाँडफाँटमा दक्षता, उपलब्धिको वितरणमा समता सहितको समानताको अवधारणामा आइपुगेको छ । आजको विकासले आर्थिक, सामाजिक अवस्थाको सुधार र स्तरीय जीवनयापन सहितको खुसी र सुखी मानव समाजको अपेक्षा राखेको हुन्छ (GoN-NPC, 2020) । यसैले नै सामाजिक रूपान्तरणका विविध आयामहरूलाई यथार्थमा नागरिकले अनुभूति गर्ने वातावरणको सिर्जना गर्दछ । परिवर्तित शासन व्यवस्थाले औपचारिक रूपमा राज्यका महत्त्वपूर्ण निणर्यमा जनताको प्रत्यक्ष वा अप्रत्यक्ष सहभागिता सुनिश्चित गर्दछ (Gyawali, 2064) ।

## २. विकासका आधारभूत सीमाहरू

प्राकृतिक साधन र स्रोतको समुचित र विवेकशील प्रयोग मार्फत वातावरणीय सन्तुलन, वर्तमान पुस्ताको समग्र विकास र भावी पुस्ताको हित, कल्याण र अधिकारको सुनिश्चितता हुनु नै विकासको ध्येय हो । यसका लागि आज भोकले पीडितहरूलाई खाना बाहेक प्रविधि सिकाउनु पर्दछ (Mun, 2011) । मानव अधिकारको दृष्टिले पनि यो धर्ती कसैको होइन सबैको हो भन्ने मान्यतका साथ सम्पदाको समुचित प्रयोगमा अन्तरपुस्ता समता कायम हुनुपर्दछ । विकासका लाभहरूको समन्यायिक उपभोगको अवसर वर्तमान तथा भावी पुस्ताले प्राप्त गर्ने कुराको सुनिश्चितता भएमा मात्र विकासको वास्तविक स्वरूप झल्कन्छ । विकासमा सबै वर्ग, क्षेत्र, सम्प्रदाय र भूगोलका सरोकारवालाहरूको न्यायोचित, सम्मानजनक, सक्रिय र अर्थपूर्ण सहभागिता भएमा मात्र विकास दिगो र सुरक्षित हुन्छ। यसका लागि सकारात्मक विभेद (Basnet & Darnal, 2007) र आरक्षणसम्बन्धी नीतिलाई क्रियाशील बनाई सबैको सहभागिता सुनिश्चित गर्नुपर्दछ (Basnet & Darnal, 2007) । विकास समय, स्थान, परिस्थिति, सन्दर्भ र आवश्यकताअनुसार फरक हुनसक्छ भने यसको समुचित र निरन्तर कार्यान्वयनका लागि आन्तरिक र बाह्य स्रोत परिचालन हुन आवश्यक

छ। ४० को दशकमा घानाबाट सुरु भएको सामुदायिक विकासको अवधारणा भारत हुँदै नेपालमा तीव्र रूपमा अघि बढिरहेको छ (Bongartz & Dahal, 1997 (2054)) ।

नेपालको विकास निर्माणमा प्राथमिकीकरणका क्षेत्रहरू मुख्यतः गरिबी निवारण आर्थिक उन्नति, शान्ति प्रवर्द्धन, द्वन्द्व निवारण, दिगो विकासका लक्ष्यउन्मुख, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, उत्पादनमूलक रोजगारी प्रवर्द्धन, जनसहभागिता, भौतिक पुँजी निर्माण, वातावरणीय दिगोपना क्रमागत तथा मर्मतसम्भारको व्यवस्था आदि हुन् । यसका साथै श्रम र शिक्षाले विकासमा पार्ने सकारात्मक प्रभाव (Shrestha, 1998) पनि महत्त्वपूर्ण छ ।

यी विकासका प्राथमिकतालाई योजनाबद्ध कार्यसम्पादनको माध्यमबाट नजिता प्राप्त गर्न वर्तमानमा विकासका दुई ओटा अवधारणा रहेका छन् । विकासको आवश्यकतामुखी अवधारणा: यसले आधारभूत आवश्यकता र मौलिक अधिकारलाई बढी जोड दिएको पाइन्छ । सबै नागरिकहरूले गाँस बास र कपास सहज रूपमा प्राप्त गरेका छन् कि छैनन्? पोषिलो र स्वस्थकर खानेकुरा खान पाएका छन् कि छैनन्? न्यायोचित ज्याला पाएका छन् कि छैनन्? बस्ने बासको अवस्था कस्तो छ? स्वास्थ्यको अवस्था कस्तो छ ? स्वास्थ्यका बारेमा आधारभूत जानकारी छ कि छैन? साक्षरताको स्थिति कस्तो छ ? सबै बालबालिकाले सहज, सुलभ र गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा (NPC, 2076 (2020)) पाएका छन् कि छैनन् जस्ता कुराहरूमा विशेष जोड दिन्छ । अधिकारमुखी अवधारणाले राहत र सुधारका पक्षहरूलाई अधिकार स्थापनाका निम्ति परिचालन गर्दछ । यसले अधिकार स्थापनाका निम्ति संरचनागत सुधार वा रूपान्तरणसम्म जोड्दै लैजाने प्रयत्न गर्दछ । यो अवधारणा अन्तर्राष्ट्रिय मानव अधिकारको मापदण्डमा आधारित छ र मानव अधिकारको आदर, सम्मान र संरक्षणसँग सम्बन्धित छन् ।

## ३. नेपालमा विकासको इतिहास र विकास चिन्तन

विश्वमा योजनाबद्ध विकासको सुरुवात सन् १९२८ मा तत्कालिन सोभियत सङ्घबाट भएको पाइन्छ । त्यसपछि क्रमशः कृषिमा आधारित योजनाबाट उद्योगमा आधारित अर्थतन्त्रको विकासका लागि योजना बन्ने क्रम सुरु भयो । पहिलो अभिलेखीकरण गरिएको योजना नै सोभियत सङ्घको “Paptileka” लाई मानिन्छ (NASC, 2015) । प्रथम विश्वयुद्धभन्दा अघि विकासका लागि व्यवस्थित योजना तर्जुमा पद्धतिलाई त्यति आत्मसात् गरेको पाइँदैन । त्यसपछि भने विकासका लागि व्यवस्थित योजना निर्माण गर्ने कार्यलाई विश्वका धेरै देशले अवलम्बन गर्न थालेको पाइन्छ । नेपालमा भने मल्लकाल, लिच्छवीकाल र राणाकालमा अल्प विकसित तथा अविकसित राष्ट्रको लागि दान चन्दा, आर्थिक सहयोग दिएर विकसित गराउनुपर्छ भन्ने मान्यता रहेको विभिन्न ऐतिहासिक तथ्यबाट बुझ्न सकिन्छ । राणकालमै १९९२ मा राणा प्रधानमन्त्री जुद्ध शमशेरले बिस वर्षे कागजी योजना, पद्म शमशेरले १९९६ मा १४ वर्षे योजना तर्जुमा समिति गठन र २००५ मा मोहन शमशेरले आर्थिक योजना समिति गठन गरेका थिए । तर जनसहभागिता तथा विधिको

शासनको अभावमा ती योजनाहरू कामयावी हुन सकेनन् । २००७ सालमा प्रजातन्त्र प्राप्तिपश्चात् २०१३ सालमा आधाकारिक रूपमा राष्ट्रिय योजना आयोगको विधिवत स्थापना भई प्रथम पञ्चवर्षीय योजना (Whelpton, 2005) सुरु भई विकासले गति लिन थालेको हो ।

यसै कालखण्डमा केवल पुँजी तथा आर्थिक सहयोग दान चन्दा दिँदैमा अविकसित राष्ट्रको विकास सम्भव छैन यसको लागि पुँजी सहित प्रविधि हस्तान्तरण गरिनुपर्दछ भन्ने दृष्टिकोणको विकास भई सन् १९६० पछि विस्तारै प्रविधि हस्तान्तरणको युग सुरु भयो । यस कालखण्डमा क्षेत्रगत विकास अवधारणाअनुरूप एकीकृत रूपमा कार्य सञ्चालन गरिनुपर्छ भन्ने मान्यतासँगै विकासका लागि चरणबद्ध योजनाले परिपक्वता प्राप्त गर्दै गएको देखिन्छ । सन् १९७० को दशकलाई हरित क्रान्तिको दशकका रूपमा लिई कृषि विकासको लक्ष्य प्राप्त गर्न आवश्यकताको पहिचानदेखि प्रतिफलको वितरणसम्मका सम्पूर्ण चरणमा विभिन्न जातजाति आर्थिक सामाजिक परिवेशका व्यक्तिहरूको सक्रिय सहभागितालाई विशेष जोड दिइएको पाइन्छ।

२०४७ सालमा प्रजातन्त्रको पुनःस्थापनापश्चात् तल्लो तहबाट माथि (Bottom up planning approach) को अवधारणालाई योजना तर्जुमामा अङ्गीकार गरेको पाइन्छ । यस अवधिमा विशेषतः साधन स्रोत र प्रभावमा जनताको पहुँच बढेको अवस्था, जनकेन्द्रित विकास, जनता विकासका साझेदारका रूपमा रहेकाले योजनाकारले जनताबाट सिक्नुपर्छ भन्ने अवस्था रह्यो । जनताको इच्छा आवश्यकता र अधिकारलाई केन्द्रमा राखेर समुदायको समग्र सामाजिक, आर्थिक, राजनीतिक, भौतिक विकासलाई एकसाथ अगाडि बढाउनुपर्छ भन्ने मान्यता विकास भइरहेको छ । २०६२/६३ मा भएको दोस्रो ऐतिहासिक परिवर्तनपछि भने सामाजिक विकासका क्षेत्रमा नयाँ दृष्टिकोणहरूले प्रश्रय पाइरहेका छन् । यस अवधिमा सहभागितामूलक विकासको सुरुवात, जनभावना केन्द्रित विकास, महिला पुरुषबिच समविकासको अवधारणा, समतामूलक विकास, सामाजिक समावेशीकरण, विपन्न वर्गको स्रोतमा पहुँच उपभोग र नियन्त्रण, स्रोतहरूको न्यायोचित वितरण र सामाजिक उत्तरदायित्व, दिगो विकास, विधि, पद्धति र सुशासनका कुरा प्रवल रूपमा उठिरहेका छन् । यी सवालहरूलाई संवैधानिक (GoN, 2015) तथा कानुनी रूपमा समेत विधिवत् रूपमा स्थापित गरिएको छ ।

वर्तमानमा गरिब सीमान्तकृत उत्पीडित पक्षीय कानुन, नीति तथा संरचनागत व्यवस्थाको साथै गरिबी निवारण तथा आर्थिक उन्नति सहित शान्ति प्रवर्द्धन, द्वन्द्व निवारण, दिगो विकास, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, उत्पादनमूलक रोजगारी प्रवर्द्धन, पुँजी निर्माण, वातावरणीय दिगोपना, कृषि विकास, पर्यटन प्रवर्द्धन, जलस्रोत व्यवस्थापन जस्ता कुरालाई दिगो विकास लक्ष्य, र पन्ध्रौं पञ्चवर्षीय योजनाले (GoN-NPC, 2020) प्राथिमिकतामा राखेको छ ।

## ४. सुशासन सुनिश्चितता

सुशासनको चर्चा गर्नुअघि शासन नै के हो ? भन्ने विषय उल्लेख गर्नु सान्दर्भिक हुन्छ । नागरिकको हित र देशको विकासका लागि राज्यले काम गर्ने शैली, विधि, प्रणाली र तरिका नै शासन हो । यो राज्यमा सीमित नभएर कुनै व्यक्ति, संस्था तथा निकायलाई कुनै कार्य सञ्चालन गर्न प्राप्त अधिकारबाट सिर्जना भएको शक्तिको प्रयोग तथा अभ्यास गर्ने शैली, तरिका, विधि तथा प्रक्रिया हो । यसका साथै राज्यको समग्र विकासका लागि उपलव्ध आर्थिक, सामाजिक प्राकृतिक तथा पर्यावरणीय स्रोतहरूको समुचित र न्यायोचित व्यवस्थापन गर्नको लागि आवश्यक पर्ने राजनीतिक, कानुनी, आर्थिक र प्रशासनिक अधिकारको प्रयोग र अभ्यास गर्ने कार्यशैली तथा पद्धति हो । यो प्रक्रियामा सबै नागरिक तथा समुदायले आफ्ना आवश्यकता, अभिरुचि, चाहना र अडानहरू राख्न पाउने, विचार र भिन्नताहरूबिच मध्यस्थता गर्ने, आफ्ना दायित्वहरू पूरा गर्ने गर्दछन् । मूलतः व्यक्ति, संस्था तथा निकायले प्राप्त अधिकार र शक्तिको प्रयोग गरेर निर्णयहरू गर्ने र ती निर्णयहरूको कार्यान्वयन गर्ने प्रक्रियालाई नै शासनको रूपमा बुझिन्छ ।

छोटो अर्थमा राज्य वा संस्थाहरूले अपनाएका सबै शासनहरू जनकेन्द्रित, पारदर्शी, समावेशी र जनमुखी हुनु जनताले विना अनियमितता र भेदभाव समृद्ध, सुखी र भलाइ महसुस गरेका छन् भने त्यो नै सुशासन हो। लोकतन्त्रमा सुशासनलाई एउटा त्यस्तो आदर्श अवस्थाको रुपमा लिइन्छ जहाँ द्वापर युगका राजा रामको अयोध्यामा जस्तै सबै नागरिकको सुख, समृद्धि र भलाइको अवस्था थियो । सबै प्रकारका विभेद, उत्पीडन र असमानताको निर्मूलीकरण गरी सबै नागरिकले कसैबाट होइन आफैबाट शासित भई सुख, समृद्धि र भलाइ महसुस गरेको आदर्श अवस्था नै सुशासन हो । सुशासनले सम्पूर्ण नागरिकलाई सामाजिक तथा राजनीतिक निर्णय प्रक्रियामा संलग्न गराई राजनीतिक, कानुनी र प्रशासनिक अधिकारहरूको कार्यान्वयन र स्रोतहरूको उचित व्यवस्थापन गर्ने प्रणालीको सुनिश्चितता गरेको हुन्छ । सुशासनको अवस्थाले नागरिकलाई स्वयं शासित भएको आत्म अनुशासनको अवस्थामा पुऱ्याउँछ । उदाहरणको रूपमा आधुनिक युरोपको अवस्था आँकलन गर्ने हो भने पनि विभिन्न देशमा ठुलो सङ्घर्षले सुशासन (Acharya, 1987 (2044)) कायम गर्न सफलता मिलेको पाइन्छ ।

सुशासनयुक्त विकास नै सार्थक, सन्तुलित र न्यायसङ्गत हुने हुँदा विकासका बहुआयामिक पक्षलाई कार्यान्वयन गर्न र दिगो व्यवस्थापन गर्न आवश्यक समन्वय, निर्देशन, पैरवी, अनुगमन, बहस एवम् दिगो विकास तथा सुशासन कार्यान्वयनको लागि स्थापित संयन्त्रहरूको प्रभावकारी नियमन अत्यन्त जरुरी छ । यसका लागि दिगो एवम् सन्तुलित, समावेशी र समन्यायिक विकासलाई सारभूत रूपमा कार्यान्वयन गर्न बनेका नीति, योजना, कार्यक्रम, बजेट, कार्यप्रक्रिया र उपलब्धिको अनुगमन, निगरानी, सचेतीकरण र दिशाबोध गरी र सुशासन प्रवर्द्धन गर्नु आवश्यक छ । तर यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा आर्थिक तथा नीतिगत अनियमितता, ढिलासुस्ती, स्रोतहरूको दुरुपयोग जस्ता कुराहरूले प्रश्रय पाइरहेका हुन्छन् जसले गर्दा जनताहरूमा राज्य, व्यवस्था र नेतृत्वप्रतिको क्षमता र विश्वासमा प्रश्न चिन्ह खडा हुन्छ । विकास

साझेदारहरू र सङ्घ, प्रदेश तथा स्थानीय तहसँगको प्रभावकारी एवम् कार्यगत समन्वय र सहकार्यले (Adhikari, 2021) पनि सुशासन कायम गर्न सकारात्मक वातावरण तयार गर्दछ । त्यसैले खासगरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले गर्ने कार्यक्रमहरू स्थानीय तहसँग मिलेर गर्ने परिपाटी सुदृढ बन्दै गइरहेको छ ।

आर्थिक, नैतिक, वातावरणीय, सामाजिक, प्राकृतिक तथा मानवीय विकास सहितको दिगो, सन्तुलित एवम् सहभागितामूलक (GON-NLC, 2017) विकासबाट नेपाल सरकारले प्रतिबद्धता जनाएको दिगो विकास लक्ष्य हासिल गर्ने कार्य कार्यान्वयन निर्धारित समयमा नै सम्पन्न गर्न आर्थिक, सामाजिक र मानवीय विकास सूचकमा जोड दिनुपर्दछ । यस परिदृश्यमा विकासका समष्टिगत आयाममा पारदर्शिता, जवाफदेहिता, वैधता, न्यायसङ्गतता, सूचनाको प्रत्याभूति, नागरिक सर्वोच्चता, विधिको शासन, भ्रष्टाचाररहित प्रशासन, मानव अधिकारको संवर्द्धन, शान्ति, न्याय, समानता र उच्चतम मानवीय भलाइका लागि विकास र सुशासनको सुनिश्चितता प्राथमिकतामा राख्नुपर्दछ । पन्धौं योजना सफलताका साथ सम्पन्न गर्दै दिगो विकास लक्ष्य हासिल गर्न सरकार, विकास साझेदारहरू, निजी क्षेत्र तथा प्रमुख सरोकारवालाको सहकार्य (GoN, 2021) अपरिहार्य रहेको र यसमा सबैको प्रतिबद्धताले गन्तव्यमा पुग्न सहज हुन्छ ।

## ५. सुशासनका लागि बहुपक्षीय र बहुसरोकारवालाको आवश्यकता

सुशासन कुनै एक पक्ष वा क्षेत्रको मात्र चासो, जिम्मेवारी र कर्तव्य नभएर सरकारी, गैरसरकारी, निजी, सार्वजनिक, व्यक्तिगत तथा संस्थागत, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सबै तहका सबै प्रकारका संस्थाहरूको विशेष भूमिका हुन्छ । यसले औपचारिक र अनौपचारिक दुवै थरी संस्थाभित्रका संयन्त्रहरू, सम्बन्ध, कार्यसम्पादन गर्ने प्रक्रिया र कार्यशैलीलाई समेटेको छ । शक्तिको अभ्यास गर्ने कुनै पनि निकाय संस्था, संयन्त्रहरूले अपनाउने कार्यशैली, प्रक्रियाहरू, आचरण र व्यवहार असल, राम्रा प्रभावकारी र परिमाणमुखी बनाई मानवीय विभेद, उत्पीडन र असमानताको अन्त्य गर्न सकेमा मात्र सुशासन कायम हुन सक्छ । विगत ५ दशकदेखिको नेपालको विकेन्द्रीकरणको अभ्यास फरक फरक दर्शन र व्याख्याबाट निर्देशित रह्यो । राणाकाल, पञ्चायतकाल, प्रजातन्त्र हुँदै लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा यसलाई सुशासनको लागि अपनाइएको रणनीतिक प्रयासको रूपमा हेर्न सकिन्छ । किनकी यसले अधिकार प्रत्यायोजन र शक्ति संयोजनलाई मूल मर्मको रूपमा (Gurung, 2006) केन्द्रविन्दुमा राखेको देखिन्छ ।

सुशासनमा असल, सरल, पारदर्शी, समावेशी र सहभागितामूलक प्रक्रिया अपनाई गरिएका कार्यबाट निकालिएका परिणामहरू पनि असल र प्रभावकारी हुन्छन् । गलत प्रक्रिया, जालझेल, अधिकारको दुरुपयोग गर्दै अपारदर्शी तरिका अपनाई गरिएका कार्यबाट निकालिएका परिणाम पनि सुशासित हुन सक्दैनन् भन्ने मान्यता छ । त्यसैले सामाजिक विकास तथा प्राकृतिक स्रोत व्यवस्थापनको क्षेत्रमा काम गर्ने विभिन्न

सङ्घ संस्था तथा निकायहरूले आफ्नो अनुभव, दृष्टिकोण र प्राथमिकताको आधारमा प्रक्रिया र परिणाम सम्बन्धी सुशासनका विभिन्न तत्वहरू अगाडि सारेका छन् ।

सुशासनका यी तत्व तथा विशेषताहरूको एउटै उद्देश्य मानवीय विभेद र असमानता हटाई मानवीय एवम् आर्थिक समृद्धि हासिल गर्न प्रतिफल तथा लाभांशको न्यायोचित र समतामूलक वितरण गर्न मद्दत गर्ने सोच, दृष्टिकोण, शैली, प्रक्रिया, व्यवहार तथा आचरणबाट असल र प्रभावकारी परिणाम निकाल्नु हो । नेपाल सरकार तथा विकास साझेदारहरूले सुशासनका बहुआयामिक तत्वहरू जस्तै: जनसहभागिता, पारदर्शिता, जवाफदेहिता कानुनको शासन, उत्तरदायीपन, प्रभावकारिता र कार्यकुशलता आम सहमति, समता, रणनीतिक दूरदृष्टि, जवाफदेहितालाई कार्यनीतिमा समेटेको पाइन्छ । पारदर्शिता, सहभागिता, आम सहमति, जवाफदेहिता, विकेन्द्रीरण प्रक्रियासँग सम्बन्धित छन् भने प्रभावकारिता, कार्यकुशलता न्यायोचितता र विश्वसनीयता परिणामसँग सम्बन्धित छन् । यी प्रक्रिया र परिणामसँग सम्बन्धित सबै तत्वहरू एक अर्कासँग अन्तरसम्बन्धित छन् । नतिजा तथा परिणामको आँकलन मूल्याङ्कनबाट मात्र गर्न सकिन्छ । नतिजालाई प्रभावित गर्न अर्थात् सुधार गर्ने त प्रक्रियामा नै हो । यी सबै तत्वहरूको विश्लेषण गरी प्रक्रियासँग सम्बन्धित पारदर्शिता, सहभागिता र जवाफदेहिता र केही मात्रामा परिणामसँग सम्बन्धित विश्वसनीयतालाई अवलम्बन गर्न सकिन्छ । सुशासनका लागि सर्वप्रथम नागरिक नै सचेत भई क्रमशः सरकारी निकाय, नागरिक समाज, सरकारी तथा गैरसरकारी संयन्त्रहरूसँग सहकार्य गर्नु आवश्यक छ । यसका साथै हामीसँग यथेष्ट मात्रामा रहेको स्रोत, सामग्री, साधन र क्षमतालाई सुशासित तवरले रूपान्तरित विकासमा लगाउन २१औं शताब्दीको नेतृत्व गर्ने विचारको आवश्यकता (Dahal, 2004) रहेको छ ।

## ६. सुशासन कायम गर्न गैरसरकारी संस्थाबाट भएका प्रयासहरू

सुशासित समाजको स्थापना आम चासोको विषय भएको छ । सुशासनका क्षेत्रमा काम गर्ने विभिन्न तहका सङ्घ संस्थाहरूले यसको सचेतनाका लागि काम गरिहेका छन् । एम्नेष्टी इण्टरनेसनल, सुशासनका लागि नागरिक आवाज, असल शासनका लागि युवा अभियान लगायत दजनौं सङ्घ संस्थाहरू यसमा संलग्न छन्। त्यस्तै विभिन्न अन्तर्राष्ट्रिय विकास साझेदारहरूले सुशासन प्रवर्द्धनलाई आफ्ना नियमित कार्यक्रमभित्र समावेश गरी विभिन्न क्रियाकलापहरू सञ्चालन गरिहेका छन् । गैरसरकारी निकायबाट विशेषतः कुनै संस्थाको एउटा क्रियाकलापको मात्र लेखापरीक्षण नगरी त्यसका समग्र गतिविधि, लक्ष्य, उद्देश्य, प्रतिबद्धताबारे बहुआयामिक पक्षहरू समावेश गरेको पाइन्छ । भौतिक, आर्थिक, व्यवस्थापकीय क्रियाकलाप, संस्थागत सुशासन, समावेशीकरण, संस्थागत प्रवृत्ति तथा व्यवहारबारे विस्तृत लेखापरीक्षण तथा नागरिक सुनुवाइ जस्ता क्रियाकलापमार्फत जनतालाई सुसूचित र सेवा प्रदायकलाई थप जिम्मेवार बनाउने कार्यमा सहजीकरण गरिरहेका छन् । नागरिकहरूलाई प्रभाव पारिरहेको वा प्रभाव पार्नसक्ने विषयवस्तुलाई केन्द्रित गरी नागरिकहरू र अधिकारप्राप्त व्यक्तिहरूबिच साझा समझदारी कायम गरी सेवा प्रवाहको स्थितिमा सुधार गर्न

जनमञ्च वा सार्वजनिक संवाद वा सार्वजनिक बैठकमा सरोकार राख्ने नागरिकहरूले आफ्ना अभिव्यक्तिहरू स्वतन्त्र रूपमा पाउने वातावरण सिर्जना गर्न गैरसरकारी निकायले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

सङ्घीयता शासन व्यवस्थामा विकासका गातिविधिहरूको कार्यान्वयन गर्ने जिम्मेवार स्थानीय तहमा पुगेको छ । यसले गर्दा विकासको प्रक्रियामा नागरिकको रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय तहबाट हुने विकास निर्माण कार्य र सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार विकास गर्न र सुशासन कायम गर्न सहयोग पुऱ्याउने अवस्था सिर्जना भएको छ । स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रही नागरिकको हितमा बनेका कानुन, ऐन, नीति, नियम, कार्यक्रम, बजेट र प्रतिबद्धता लगायत अघिल्लो पटकको सार्वजनिक सुनुवाइमा प्रतिबद्धता व्यक्त गरिएका विषय र त्यस्ता विषयमा भए गरेका प्रयास, नागरिक प्रतिवेदन र बहिर्गमन अभिमतको नतिजाले सेवा सुविधा प्रवाहका विषयमा प्राप्त जनगुनासो तथा सुझावको व्यवस्थापन र स्थानीय तहको नीति, कार्यक्रम, बजेट तथा प्रगति, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण प्रतिवेदनहरूले स्थानीय तहलाई थप जिम्मेवार बनाउन मद्दत गरेका छन् । यस सन्दर्भमा गैरसरकारी संस्थाहरूको सहयोगमा अपनाइएका केही विधिहरू तल उल्लेख गरिएको छ ।

**निर्गम अभिमत (Exit Poll)**

यस अभिमतबाट नागरिक बडापत्रमा उल्लेखित व्यहोरा र सेवाग्राहीले प्राप्त गरेको सेवासम्बन्धी तत्कालिक मतहरू प्राप्त हुन्छ । यसमा नागरिक बडापत्रद्वारा गरिएका बाचाबमोजिम सेवाग्राहीले सेवा सुविधाको प्राप्तिपछि कार्यालयबाट बाहिर निस्किने समयमा त्यस्तो सेवा सुविधाको विषयमा व्यक्त अभिमत वा सुझावलाई समेटिन्छ । यसको लागि कार्यालयको सेवा वा सुविधा प्राप्त गरेका नागरिकमध्ये बढीमा पचास जना नागरिकबाट बर्हिगमन अभिमत भर्न लगाई सूचना सङ्कलन गरिन्छ । त्यसरी सङ्कलित अभिमतको नतिजा प्रतिवेदनको रूपमा सार्वजनिक सुनुवाइ कार्यक्रममा पेस गरिन्छ । स्थानीय तहले बर्हिगमन अभिमतमा सहभागी नागरिकलाई सार्वजनिक सुनुवाइमा भाग लिन निमन्त्रणा पनि गर्दछ ।

**नागरिक प्रतिवेदन पत्र (Citizen Report Card)**

यस प्रतिवेदनले गाउँ तथा नगरपालिकाका विभिन्न एकाइहरूबिच सेवा प्रवाहसँग सम्बन्धित विविध पक्षहरूलाई समावेश गरी प्रतिस्पर्धात्मक नतिजा दिन मद्दत गर्दछ । यसबाट कुन एकाइमा के सुधार गर्नुपर्ने हो सो पहिचान गर्न यसले स्थानीय तहमाथि पार्ने प्रभाव विश्लेषण गर्न मद्दत गर्दछ । यो सेवाग्राही वा नागरिकले सार्वजनिक सेवा प्रदायक संस्थाहरूबाट सेवा लिँदा प्रत्यक्ष अनुभव गरेका, भोगेका र देखेका कुराहरूलाई उल्लेख गरी सेवा प्रदायक संस्थालाई पृष्ठपोषण गर्ने पद्धति हो । यसमा गाउँपालिका तथा नगरपालिकाले सबै वडाबाट प्रतिनिधित्व हुने हिसाबले कम्तीमा पचास जनाबाट फाराम भर्न लगाउनु पर्नेछ। यसरी फाराम भर्न लगाइने नागरिक प्रतिवेदनमा कम्तीमा बिस जना दलित, जनजाति, बालबालिका,

महिला एवम् पिछडिएको वर्गको प्रतिनिधित्व रहनु अनिवार्य हुनेछ । सङ्कलित सूचनाको विश्लेषणलाई नागरिक सुनुवाइका दिन पेस गरिन्छ ।

**सार्वजनिक सेवा परीक्षण**

यस परीक्षणबाट गाँउ र नगरपालिका तथा स्थानीय सेवा प्रवाह संस्थाबाट प्रवाह गरिसकेका सेवाहरू निर्दिष्ट वर्ग र निर्दिष्ट एकाइकासाथ पुग्न सक्यो सकेन हेर्न मद्दत गर्दछ ।

**सामुदायिक प्रासाङ्क कार्ड/बोर्ड**

यो विधि वा परीक्षणबाट सेवा प्रदायक, सेवाग्राही तथा व्यवस्थापन पक्षको संयुक्त त्रिपक्षीय छलफलबाट स्थानीय तह तथा स्थानीय सेवा प्रवाह संस्थाबाट प्रवाह भइरहेका सेवाहरू गुणस्तरीय तवरले लक्षित वर्ग र समुदायमा पुग्न सक्यो वा सकेन हेर्न मद्दत मिल्दछ । तीन ओटै पक्षले भोगेको, देखेको र समुदायको अनुभवका आधारमा गुणस्तरलाई सबैको सहमतिमा अङ्कमा परिणत गरी बोर्ड वा कार्डमा राखिन्छ । यसबाट अर्को अवधिका लागि अङ्कभारका आधारमा सुधार गर्न कार्ययोजना तयार गरिन्छ । यसमा सबैको जिम्मेवारी समान हुन्छ तर गुणस्तरीय सेवाका लागि सेवा प्रदायक र व्यवस्थापन समितिको भूमिका बढी हुन्छ ।

यी बाहेक विद्यमान नीति नियमभित्र रही प्रचलित ऐन कानुनबमोजिम कार्य गर्ने र सोहीबमोजिम आआफ्नो संस्थामा र अन्य निकायमा पैरवी गर्ने कार्यमा गैरसरकारी विकास संस्थाहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

## ७. सकारात्मक सोचः परिवर्तन र विकासको आधार

विकास तथा व्यवसायमा सकारात्मक सोच र खोजको सिर्जनात्मक प्रयोग सहित नवीनतम खोज र लचिलोपन सहितको अवधारणा विकास भइरहेको छ (Chapagain, 2009) । मानिसको व्यवहार उसको चरित्र र विचारबाट निर्देशित हुन्छ । व्यवहारबाट नै मानिसको सही पहिचान र मूल्याङ्कन हुन्छ । व्यवहारहरू निर्माण हुन लामो समय लाग्दछ । व्यवहार मुलत: वर्षौंदेखिको सिकाइ, भोगाइ र आत्मसात्‌बाट निर्मित हुन्छ । मानिसले कस्तो व्यवहार गर्छ भन्ने कुरा उसले के सोच्दछ? कसरी सोच्दछ र उसको विचार कस्तो छ? भन्ने कुरामा भर पर्दछ । कोही विशाल हृदयका धनी हुन्छन् भने कोही विचार र भावनाका गरिब हुन्छन् । कसैले जीवनलाई अवसरको रूपमा लिई सोहीअनुरूपका व्यवहार प्रदर्शन गर्दछन् भने कसैले जीवनको रहस्यलाई नबुझी जीवनप्रति नै अन्याय गर्दछन् (Neupane, 2014) ।

मानिस ज्ञानी र सिपालु छ भन्दैमा उसको व्यवहार राम्रो हुन्छ भन्ने छैन । सबै ज्ञानी मानिसले असल व्यवहार नै प्रदर्शन गर्छन् भन्ने हुँदोरहेनछ । व्यवहार दैनिक क्रियाकलापको निरन्तरताले बानीमा परिणत हुँदै जीवनको अभिन्न अङ्ग बनेर जाँदो रहेछ । फेरि व्यवहार बन्न जति गाह्रो छ, त्यो भन्दा धेरै कठिन त

निर्मित व्यवहारलाई परिवर्तन गर्न झनै मुस्किल हुने गर्दछ । बरु मनिसलाई नयाँ व्यवहार अवलम्बन गर्न लगाउन सकिन्छ तर पुराना व्यवहार परिर्वतन गराउन धेरै गाह्रो हुन्छ । व्यवहारबाट नै मानिसको व्यक्तित्व झल्किने भएको हुनाले राम्रो व्यवहार अवलम्बन गर्न सकेमा जीवन सार्थक बन्न पुग्दछ । नराम्रा व्यवहारबाट राम्रा व्यवहारतर्फ लाग्न मानिसमा अन्तरइच्छा र आत्मबलले ठुलो भूमिका खेलेको हुन्छ । आफ्ना नकारात्मक व्यवहारका कारणले आफूमा आइपरेका समस्या, समाजमा पर्न गएको असर र आफैभित्रका पीडाहरूलाई पहिचान गरेर पनि व्यवहार परिवर्तन गर्न सकिन्छ ।

असल चरित्र मनुष्य जीवनको सबभन्दा महत्त्वपूर्ण गहना हो । हामीले आफूमा जस्तो बानीको विकास गर्दछौं त्यस्तै चरित्र निर्माण हुँदै जान्छ । खुट्टा चिप्लियो भने त्यसलाई सम्हाल्न सकिन्छ, ऋण लाग्यो भने त्यसलाई पूर्ति गर्न पनि सकिएला तर एक पटक आफ्नो चरित्र र नैतिकतामा आँच आयो, कुनै नराम्रो बात लाग्यो भने त्यसलाई जीवनभर पखाल्न सकिन्न । यहाँ असल कर्मको प्रचार गर्नेभन्दा नराम्रा अर्थात् सुधारोन्मुख कार्यहरूको प्रचार गर्ने प्रवृत्ति धेरै छ । यो मानवीय स्वभाव नै बनेको छ भनेर निरन्तरता दिनु समाज विकासमा अवरोध गर्नु जस्तै हो । हल्ला एकै घण्टामा विश्वको परिक्रमा गर्दछ तर सत्यको प्रचार आफ्नै आँगनमा रुमल्लिइरहेको हुन्छ । ९९ प्रतिशत कर्महरू सत्यमा आधारित र नैतिक चारित्रिकरूपले अत्यन्त सुन्दर छन् तर १ प्रतिशत मात्र काम पनि विवेकशून्यतामा गरियो भने त्यसबाट पर्ने सामाजिक असरले बाँकी ९९ प्रतिशत राम्रा कर्महरूलाई ओझेलमा पारिदिन्छ । त्यसैले नकारात्मकताको खिया लागेको जञ्जिरलाई सबैको सकारात्मक भावनाले तोड्नुपर्दछ ।

चरित्र भन्नु नै राम्रो संस्कार, अनुशासन र जिम्मेवारीपनको स्वअनुभूत र व्यवहारमा प्रदर्शित हुने स्वाभाविक गुण हो । यो सबै गुणहरूको संयोजित रूप हो । चारित्रिकरूपले शुद्ध र सम्पन्न मानिस असल र सफल हुन्छन् । सबै चरित्रवान् मानिसहरू सम्मानित हुन्छन् तर सबै सम्मानित मानिसहरू चरित्रवान् नै हुन्छन् भन्ने छैन । कतिपय मानिस सामाजिक सम्मान र क्षणिक लोकप्रियतालाई चरित्र भन्दा ठुलो ठानेर भ्रममा रहन्छन् तर सामाजिक प्रतिष्ठा र चरित्रलाई तुलना गर्नै मिल्दैन । किनकि चरित्रले जति प्रतिष्ठा आर्जन हुन्छ, प्रतिष्ठाले त्यति नै चरित्र आर्जन गर्न सक्दैन (Neupane, 2014) ।

प्रतिष्ठाले अरुले हामीलाई के सोच्छन् भन्ने कुरा देखाउँछ भने चरित्रले हामी कस्ता छौं र हाम्रो आन्तरिक सुन्दरता कस्तो छ भन्ने देखाउँदछ । सामाजिक प्रतिष्ठा एउटा दक्ष फोटोग्राफरले लिएको तस्बिर जस्तै हो भने चरित्र आफ्नो वास्तविक रूप हो ।

- प्रतिष्ठा र इज्जतलाई अरुले नष्ट गर्न सक्छन् तर चरित्रलाई आफूबाहेक कसैले नष्ट गर्न सक्दैन ।
- प्रतिष्ठा र इज्जत बनावटी र देखावटी पनि हुन सक्दछ तर चरित्र सत्यमा आधारित हुन्छ ।
- प्रतिष्ठा र इज्जत क्षणिक लाभांश जस्तो हो भने सुचरित्र सदाका लागि प्राप्ति हो जो आफ्नै वशमा हुन्छ ।

- प्रतिष्ठा र इज्जत तिर्नुपर्ने सुविधायुक्त ऋण हो भने चरित्र भविष्यका लागि सुरक्षित सञ्चिति हो ।
- प्रतिष्ठा र इज्जत एउटै कर्म वा क्रियाकलापले पनि प्राप्त हुन सक्दछ तर सुन्दर चरित्र निर्माणका निम्ति धेरै मेहनत गर्नुपर्दछ ।
- प्रतिष्ठा र इज्जत च्याउ जस्तै उत्पत्ति हुन्छ र हलक्क बढ्न सक्दछन् तर चरित्र बढ्न सालको वृक्ष हुर्कन जस्तै समय लाग्दछ ।
- प्रतिष्ठा र इज्जत पुर्खाहरूको विरासतका रूपमा पनि प्राप्त हुन सक्दछ तर चरित्र भावी पुस्तालाई दिन सकिन्छ ।

कहिलेकाहीँ मानिस आफ्नो क्षणिक देह सुखका लागि विभिन्न अनैतिक क्रियाकलापमा लाग्दछ । क्षणिक सुख र आनन्दमा रम्ने तर त्यसको दीर्घकालीन असरबारे ख्याल नगर्नाले मानिस भ्रष्टाचार, व्यभिचार, दुराचार, अत्याचारको जञ्जालमा फसिरहेको छ । जो मानिस सम्पूर्ण नराम्रा इच्छा, चाहना र कामनालाई त्यागेर सत्कर्ममा लाग्दछ, विधिको पालन गर्दछ, असल मित्रहरूको सञ्जाल विस्तार गर्दछ, सिर्जनामा रम्दछ, अनुशासनमा सर्वदा अनुबन्धित हुन्छ, अनुचित लोभ लालच, मोह र प्राप्तिको वशमा पर्दैन, सृष्टिका प्रत्येक वस्तुलाई प्रेम गर्दछ, सत्यमा विश्वास गर्दछ, त्यो नै सुखी र सम्पन्न हुन्छ । साथै अरुको कुराको भरमा आफ्नो धारणा बनाउनुभन्दा आफ्नो मौलिक बिश्लेषणलाई केन्द्रविन्दुमा राख्दा सधैं सकारात्मक सोचबाट ओतप्रोत भई सदा खुसी र निरोगी भइन्छ । यस्ता खुसी, सुखी र निरोगीहरूले गर्ने विकास कार्यक्रम पनि स्वाभाविक रूपमा सुशासित हुन्छ ।

असल ज्ञान र चरित्ररूपी दियोको प्रकाश तेज र सर्वव्यापी हुन्छ । चरित्र शुद्ध हुने मानिसहरूलाई प्रकृतिले पनि साथ दिइरहेको हुन्छ । हाम्रै समाजमा धैर्यता र मानवीयता गुमाएर बलात्कार, यौन दुराचार, मादक वा लागुपदार्थको सेवन, चोरी डकैती, राज्यकोषको चरम दुरुपयोग गर्नेहरूलाई हामी बाहिरबाट सुखी र सम्पन्न देख्दछौं तर भित्री रूपमा कहिल्यै शान्ति हुँदैन । कसैले आफ्ना कुकर्मबारे थाहा पाउँछ कि ? आफ्ना दुश्चरित्रको पर्दाफास हुन्छ कि? समाजबाट बहिस्कृत पो हुनुपर्दछ कि भनेर तनाव र छट्पटीमा बाँचिरहेका हुन्छन् । उनीहरू कुकर्मका कारण निराशा, कुण्ठा, आत्मग्लानी, असन्तुलन आदिबाट ग्रस्त भई जताततै समस्या देख्ने, निरुत्साहित, द्वन्द्व र विध्वंशका रूप मात्र देख्ने बन्न बाध्य हुन्छन् ।

चरित्रवान् मानिसहरू भौतिक रूपले सम्पन्न नहोलान् तर शान्तिको सुन्दर बगैंचामा विचरण गरिरहेका हुन्छन् । चरित्रवान् मानिसहरू त्यागबाट प्राप्त हुने सुखका भोका हुन्छन्। अनैतिक बाटो अपनाएर सामाजिक ढोंग गर्नेहरूको चरित्र कुनै न कुनै रूपमा पर्दाफास हुन्छ । त्यसैले यो जीवनलाई चारित्रिक रूपले शुद्ध, मानसिक रूपले स्वस्थ र भौतिक रूपले समृद्ध बनाउन सकियो भने जीवन अति सुन्दर बनेर जान्छ । चरित्रवान् मानिसहरू सधैं खुलापन र स्पष्टतामा बाँच्दछन् । आत्मसम्मान, क्षमता, आनन्द, शान्त, खुसी र उत्साह, द्वन्द्वको सिर्जनात्मक रूप देख्ने, प्रगतिको बाटो पहिल्याउने, सिर्जना, निर्माण, आविष्कार, सफलताप्रति गर्व गर्ने, जतिसुकै विषम परिस्थितिमा पनि सहज तरिकाले बाँच्ने कोसिस गर्दछन् ।

असफलतामा नआत्तिने र सफलतामा नमात्तिने रणनीति अँगाल्दै बाँच्नुको सार्थकता देख्ने गर्दछन् । त्यसैले आफ्नो चरित्रलाई माथि राख्दै आफ्नो भविष्यप्रति आशा जगाउनुपर्दछ । हाल सदाचारवादी विकास अवधारणामा प्रसंशनीय खोज विधिलाई अवलम्बन गरेको पाइन्छ । जुन संक्षेपमा यस प्रकार चार चरणमा राखिएको छ ।

**खोज (Discovery)**

विकासको पहिलो सर्त नै सकारात्मक सोच, परिणाममुखी कर्म र असल चरित्र हो । त्यसैले हरेक विकासवादीहरूले यस अवधारणालाई केन्द्रमा राखेर अगाडि बढ्न श्रेयस्कर हुन्छ । त्यसैले अब हामीले गुनासो होइन, प्रशंसा गर्न सक्नुपर्दछ । आजसम्म हामीले हाम्रो देशको समग्र विकासका लागि गरेका राम्रा अभ्यास र  प्राप्त असल परिणामहरूको खोज गरी ती राम्रा परिणामका लागि के ले काम गर्‍यो, यसलाई अझ राम्रो बनाउन कुन कुराले अझ सशक्तिकरण गर्दछ? सङ्गठन र समुदायलाई केले जीवन्तता दिन्छ? कुन कुराले हामीलाई खास रूपमा उत्साहित एवम् उत्प्रेरित गरेको छ? ती कुराहरूको खोजी गरी आफ्ना सफलताप्रति गर्व गर्न सकेमा हामीलाई अझ सुन्दर कर्म गर्न उत्साह प्राप्त हुन्छ ।

**परिकल्पना (Dream)**

जव हामी आफ्ना सुन्दर कर्म र नजिता प्रति उत्साहित हुन्छौ तव हामीमा अझ राम्रो काम गर्ने शक्ति, धैर्यता र साहस प्राप्त हन्छ, अनि हामी अझ राम्रा गन्तव्यमा पुग्न लालायित हुन्छौं । यस चरणमा हामी कहाँ (गन्तव्य) पुग्न चाहन्छौं वा के हुन सक्दछ भन्ने कुरालाई परिकल्पना गर्दछौ ।

**प्रारूप (Design)**

यस चरणमा परिकल्पना गरिएको कुरा हासिल गर्न कार्ययोजना बनाइन्छ । यसले सही बाटोमा हिड्दै गन्तव्यमा पुग्न मार्गप्रशस्त गर्दछ ।

**गन्तव्य (Destiny)**

यस चरणमा माथि बनेको कार्ययोजना अनुसार कार्यान्वयन गर्ने गरी नजितासम्म पुगेको नपुगेको समीक्षा गरिन्छ र आफूले राखेका लक्ष्यमा परिमार्जन आवश्यक भए नभएको अनुगमन गर्न सकिन्छ । यस विधिले हामीहरूलाई सशक्तिकरण गर्ने, उत्साहित परिकल्पनाका साथ चरणबद्ध रूपमा कार्यमा जानका लागि प्रोत्साहित गर्दछ ।

## ८. विकासमा सुशासन कायम गर्न प्रमुख चुनौती तथा अवसरहरू

- तीनै तहको विकासको अवस्था र प्राथमिकताबमोजिम दीर्घकालिन सोच सहितको योजना तर्जुमा र कार्यकम पहिचान,

- तत्कालीन योजना, आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक बजेटबिच सामञ्जस्य कायम गरी स्रोत साधनको सुनिश्चितता र सोही अनुरूपको कार्यान्वयन,
- परिवर्तित सङ्घीय प्रणाली अनुरूप योजना तर्जुमासम्बन्धी सँगठनात्मक संरचना, प्रक्रिया तथा विधिमा सुधार,
- योजना तर्जुमा प्रक्रियामा संलग्न तीन ओटै तहका विभिन्न अङ्गहरूको क्षमता अभिवृद्धि र संस्थागत सुदृढीकरण,
- सार्वजनिक खरिद प्रक्रियालाई सहज, सरल, पारदर्शी र चुस्तदुरुस्त बनाउन आयोजना व्यवस्थापनमा सुधार गरी कार्यान्वयनमा प्रभावकारिता ल्याउन,
- वित्तीय सङ्घीयताको ठोस कार्ययोजना बनाई प्रभावकारी कार्यान्वयन,
- कार्यान्वयन गर्ने तह र निकायहरूका वीचमा प्रभावकारी समन्वयलाई सहज बनाउन,
- स्रोत र साधनहरूको विवेकपूर्ण र न्यायोचित वर्गीकरण र प्राथमिकीकरण गर्न ।

## ९. सुझाव तथा निष्कर्ष

नागरिकको रुपमा आफ्नो देश समाज सुशासित बनाउनु हाम्रो परम कर्तव्य र दायित्व पनि हो । यसका लागि प्रत्येक नागरिक लगायत सरकारी, गैरसरकारी, निजी, व्यक्तिगत तथा संस्थागत, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सबै तह र प्रकारका संस्थाहरूको विशेष भूमिका रहन्छ । सबैले राष्ट्रिय एकता, स्वाधीनता र स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डतामा खलल पुग्ने कुनै गतिविधि नगर्ने, सङ्घीय व्यवस्थाअनुरूपका तीन ओटै तहका सरकारबिचको सुसम्बन्धमा आँच पुऱ्याउने खालको गतिविधि नगर्ने संविधानप्रदत्त सार्वभौम अधिकार, स्थानीय स्वायत्तता, सुशासन, स्वशासन र विकेन्द्रीकरणका विरुद्धमा कुनै कार्य नगर्ने, कसैलाई पनि अनावश्यक र गैरकानुनी आश्वासन दिने जस्ता कार्यलाई निरुत्साहित गर्दै तुरुन्त कारबाहीको भागिदार बनाउनु पर्दछ ।

न्याय सम्पादन तथा कार्य सेवा प्रवाहमा राजनीतिक आस्थाका आधारमा भेदभावपूर्ण व्यवहार, सामाजिक भेदभाव हुने कुनै पनि कार्य, कसैको स्वाभिमान र अस्तित्वमा आँच आउने व्यवहार, विद्यमान सामाजिक मान्यता विरुद्धका आचरणहरू, लैङ्गिक समानतामा आँच आउने व्यवहार, पदाधिकारीहरूले कानुनबमोजिम तथा कार्यालय काममा बाहेक मानवीय वा आर्थिक साधन स्रोत वा भौतिक साधन स्रोतको आफू वा अन्य कुनै व्यक्तिबाट प्रयोग वा उपयोग गर्ने वा गराउने, पदाधिकारीले कानुनबमोजिम आफ्नो कर्तव्य निर्वाह गर्ने सिलसिलामा कसैबाट कुनै प्रकारको नगद वा सेवा सुविधाको रूपमा उपहार, पुरस्कार, चन्दा लिने जस्ता कुराहरू सामाजिक अपराध भएकाले त्यस्ता कार्य कोही कसैबाट भएको भए कानुनको दायरामा ल्याई कडा कारबाही गर्नु सरकारको दायित्व हो भने नागरिकले यस कार्यमा सरकारलाई सकारात्मक सहयोग गर्नुपर्ने कर्तव्य सधैं स्मरण गर्नुपर्दछ ।

सेवा प्रदायकसँग कुनै खास विषयमा स्वार्थ निहित भएको वा सम्भाव्य स्वार्थ भएको कुनै पनि व्यक्तिबाट कुनै प्रकारको मैत्री व्यवहारहरू र आमन्त्रण, भोजभतेर, खानपान, मनोरञ्जन, बसोबास सुविधा, भाडा सुविधा, आदि लिनु वा दिनु, आफ्नो वैध आम्दानीको र आफूसँग रहेको सम्पत्तिको सारभूत वृद्धिलाई तर्कसङ्गत तरिकाबाट पुष्टि गर्नु, कर्मचारीको आचारसंहिता, अनुशासन निजामती सेवाको सरह गर्ने, नागरिकमैत्री भौतिक तथा कार्य वातावरणको निर्माण, नागरिक बडापत्र, स्पष्ट कार्यविवरण र कार्यविवरणका आधारमा कार्य सम्पादन, सम्झौताको व्यवस्था र त्यसअनुरूपको मूल्याङ्कन प्रणालीको विकास र सबलीकरणले सुशासन कायम गर्ने कार्यमा ठुलो योगदान पुग्दछ । साथै अनुसन्धान, पर्याप्त तथ्य तथ्याङ्क र प्रमाणमा आधारित विकास योजना र अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ तथा दिगो रूपमा अगाडि लैजानु पर्दछ (Limbu, 2019) ।

उत्कृष्ट कार्यसम्पादन गर्ने व्यक्ति, विकास साझेदार, सङ्घसंस्थालाई पुरस्कार र न्यून कार्यसम्पादन गर्नेलाई सुझाव सहित सुधारका उपायहरू अवलम्बन गर्न, पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धनका लागि सामाजिक परीक्षण, सामुदायिक प्राप्ताङ्क बोर्ड, सार्वजनिक सुनुवाइजस्ता विधिहरूको अवलम्बन गर्न उत्प्रेरित गर्नुपर्दछ । साथै समयानुकुल सूचना प्रविधि तथा विद्युतीय माध्यमबाट जनताको गुनासो सुन्ने र सुझाव लिने प्रणाली संस्थागत गर्ने, सम्पादित कार्यहरूको मासिक रूपमा विभिन्न सञ्चार माध्यम र वेबसाइटमार्फत सार्वजनिकीकरण गर्ने, नागरिक निगरानीका लागि नागरिक समाजलाई प्रोत्साहित गर्ने, भ्रष्टाचार निवारण कानुन, अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बद्ध कानुनमा भएका व्यवस्थाहरूको परिपालना र यसका उजुरीहरूको समयमै सम्बोधन गर्ने पद्धतिलाई संस्थागत गर्न सकेमा सुशासन कायम गर्ने दिशामा रूपान्तरण हुनेछ ।

## सन्दर्भ सामग्री


Acharya, Y. (1987 (2044)). *History of modern europe (adhunik europe ko itihas) 1789 - 1914.* Kosheli Prakashan.

Adhikari (Shastri), H. R. (2058). *Aaja ko Nepal.* Chandakala Adhikari.

Adhikari, D. (2004 (2061)). *Development, civil society and good governance.* Governance and Development Center.

Adhikari, D. B. (2021, June 24). Planning guideline for three tires government of Nepal. *Theoretical Economics Letters, 11*, 558-571. Retrieved from https://doi.org/10.4236/tel.2021.113037

Andrews, M. (2013). The limits of institutional reform in development: changing rules for realistic solutions. Cambridge University Press. doi:10.1017/CBO9781139060974

Basnet, P., & Darnal, S. (2007). *bishesh adhikar ra arakshan ko rajniti.* Jagaran Media Center.

Bongartz, H., & Dahal, D. (1997 (2054)). *Development studies (bikas addhyan).* Foundation for Advanced Studies (NeFAS).

Chapagain, C. P. (2009). *Appreciative inquiry.* Appreciative Learning and Development Management (ALDM).

*Constitution of Nepal*, 2015. Nepal Law Commission (2015).

Dahal, P. (2004). *Prakshepan: collection fo political articles.* Pashupati Books and Stationery.

Gurung, H. (2006). *Vishaya vividh* . HIMAL Kitab, Himal Association.

Gyawali, C. K. (2064). *Federal system of government: restructuring tof state.* Amita Gyawali & Jansewa Printers Pvt. Ltd.

https://www.worldbank.org/en/news/press-release/2021/09/24/government-of-nepal-and-development-partners-join-forces-on-nepal-s-green-resilient-and-inclusive-development

Limbu, P. P. (2019). Development policy process in Nepal: a critical analysis. *International Research Journal of Management Science*, 65-82.

*Local Government Operation Act, 2074 (2017).* Nepal Law Commission (2017). Retrieved from www.lawcommission.gov.np

Mainali, M. (2004). *Basis of inclusive democracy (Samabesi loktantra ka adharharu).* Social Science Baha, Himal Association.

Majupuriya, I. (2007). *Nepalese women (status & role): gender approach.* MS Postgraduate College, Meerut University.

MoWSS. (2016). *Nepal water supply, sanitation and hygiene sector development plan (2016-2030).* Ministry of Water Supply and Sanitation, Government of Nepal.

Mun, R. S. (2011). *Shantipremi bishwa nagarik.* World Publication Pvt. Ltd.

NASC. (2015). *Development planning. Nepal into development*. Nepal Administrative Staff College.

Neupane, B. R. (2014). *Positive life (Sakaratmak jeevan).* Yatra Nepal.

NPC. (2017, November 19). *Multi-sector Nutrition Plan (MSNP): 2018-2022*. National Planning Commission (NPC), Government of Nepal.

NPC. (2020). *The fifteenth plan (Fiscal Year 2019/20 – 2023/24)*. National Planning Commission (NPC), Government of Nepal.

NPC. (2075*). Local level plan formulation fuideline, 2075*. National Planning Commission (NPC), Government of Nepal.

NPC. (2076 (2020)). Mid *term expenditure framework, (2076/77-2078/79)*. National Planning Commission (NPC), Government of Nepal.

Pandey, K. B. (2017). Foreign aid in Nepal. *Economic Journal of Development Issues*, *23-24* (1-2), 71-76.

Shrestha, N. R. (1998). *In the Name of Development: A Reflection on Nepal.* Kathmandu, Nepal: Educational Enterprises.

Skerry, C. A., Moran, K., & Calavan, K. M. (1991). *Four decades of development; the history of U.S. assistance to Nepal 1951 - 1991.* United States Agency for International Development (USAID).

SOA/KU. (2019, April). A survey of the Nepali people in 2018. The Asia Foundation, Interdisciplinary Analysts and School of Arts, Kathmandu University.

Thapa, H. (2061). *Bideshi sahayataka bisangati.* National Book center.

The World Bank. (2021, September 24). *Government of Nepal and development partners join forces on Nepal's green, resilient, and inclusive development* [Press release]. https://www.worldbank.org/en/news/press-release/2021/09/24/government-of-nepal-and-development-partners-join-forces-on-nepal-s-green-resilient-and-inclusive-development